

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर ६ गते आइतबार ❑ 22 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

अब मलाई केही चाहिँदैन, देश र जनताका लागि कांग्रेस बन्नुपर्छ : शेरबहादुर देउवा

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर



नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आफू पाँच पटक प्रधानमन्त्री भइसकेको भन्दै अब व्यक्तिगत रूपमा आफूलाई कुनै पदको आवश्यकता नरहेको बताउनु भएको छ ।

देश र जनताको हितका लागि पार्टी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिँदै उहाँले देश निर्माण गर्ने पार्टी कांग्रेस भएको बताउनु भएको हो । शनिबार पोखरामा आयोजित नेपाली कांग्रेस (शेरबहादुर देउवा पक्ष) को दोस्रो गण्डकी प्रदेश अधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै देउवाले जेन्जी आन्दोलनको क्रममा आफुहरु माथि कुटपिट भएको घटना समेत स्मरण गर्नुभयो । जेनजी आन्दोलनका बेला आफू र पत्नी डा. आरजु राणा देउवा गम्भीर आक्रमणमा परेको र आफूहरूको ज्यान जेनजी युवाहरूले बचाएको बताउनु भयो । आन्दोलनका क्रममा टाउकोमा चोट लागेको उल्लेख गर्दै उहाँले उपचारका लागि हङकङ र सिंगापुर जानुपरेको पनि सुनाउनु भयो । 'मेरो श्रीमती आरजु र मलाई मारिसकेका हुन्, हामी बाँचेका हौं । यहाँ अहिलेसम्म घाउ छ,' देउवाले भन्नुभयो, 'हेलिकप्टर ल्यान्ड गर्न दिएनन् । घर जाने बाटोमा सारा मान्छे बसेका थिए । पछि सेनाले गाडी पठाएर सेनाको क्याम्पमा लग्यो । त्यहीं उपचार भएर हामी बाँचेका हौं।' आफूहरूलाई जेनजी युवाहरूले नै बचाएको उल्लेख गर्दै देउवाले आन्दोलनका नाममा ५० वर्षमाथिका व्यक्तिहरूले समेत ढुंगामुढा गरेको दाबी गर्नुभयो । उहाँले घटनामा ठूलो षड्यन्त्र रहेको जिकिर गर्दै कांग्रेसलाई लक्षित गरी देशभर पार्टी कार्यालयहरूमा आक्रमण भएको जनाउनु भयो ।'बीपी कोइरालाका बुबाले बनाएको घरदेखि गणेशमान सिंहको घरसम्म आक्रमण भयो । देशभरि पार्टी अफिसमा हानियो । यो कांग्रेसको खिलाफको षड्यन्त्र हो भन्ने बुझ्नुपर्दछ,' । उहाँले भन्नुभयो। यसैगरी, कांग्रेसभित्रको विशेष महाधिवेशन र ४० प्रतिशत प्रतिनिधिको हस्ताक्षरको विषयमा पनि देउवाले प्रश्न उठाएउनु भयो । विशेष महाधिवेशनका लागि भनिएको ४० प्रतिशत हस्ताक्षर कहाँ र कसले गरेको तथा ती हस्ताक्षर कसलाई बुझाइएको हो भन्नेबारे उहाँले प्रश्न गर्दै अर्को पक्षका सभापति गगन थापाप्रति लक्षित टिप्पणी गर्नुभयो ।

आफूले जीवनभर देश र राष्ट्रका लागि काम गरेको उल्लेख गर्दै देउवाले पार्टीबाट आफूले धेरै कुरा प्राप्त गरिसकेको बताउनु भयो । 'जीवनभर यो देश र राष्ट्रका लागि काम गरेको छु । मैले पाउनुपर्ने केही बाँकी छैन् । पार्टीले मलाई पाँच पटक प्रधानमन्त्री बनाइसकेको छ,' उहाँले भन्नुभयो, 'म पाँच पटक प्रधानमन्त्री भएँ, अब मलाई केही चाहिँदैन। देश र जनताका लागि पार्टी बन्नुपर्छ । देश बनाउने पार्टी कांग्रेस हो ।'यसैबीच, पोखरा सभागृहमा आयोजित विशेष समारोहबीच देउवाले अधिवेशनको उद्घाटन गर्नु भएको हो । मूल समारोह समितिका संयोजक मेखलाल श्रेष्ठका अनुसार गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट एक हजार ६०१ भन्दा बढी प्रतिनिधि अधिवेशनमा सहभागी हुनु भएको छ। मंसिर ६ गते बन्दसत्र तथा निर्वाचन प्रक्रिया पोखरा-९, बाँस्तोलाथरस्थित सिल्भर पार्टी प्यालेसमा सञ्चालन हुने कार्यक्रम रहेको छ ।

द्वन्द्वपीडितका माग सम्बोधन नभएको भन्दै रास्वपालाई ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

नेपालमा विस्तृत शान्ति सम्झौता भएको २० वर्ष पूरा हुँदा पनि द्वन्द्वपीडित तथा सहिद परिवारका माग सम्बोधन हुन नसकेको भन्दै कास्कीका द्वन्द्वपीडित परिवारले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को ध्यानाकर्षण गराएका छन् ।

उनीहरूले बेपत्ता पारिएका योद्धाहरूको अवस्था सार्वजनिक गर्न, सहिद परिवारलाई सम्मान गर्न तथा घाइते योद्धाहरूको निःशुल्क उपचारको व्यवस्था गर्न माग गरेका छन् । राज्यबाट बेपत्ता योद्धा परिवार समाज, कास्की र जनक्रान्तिका महान् सहिद परिवार समाज, कास्कीका प्रतिनिधि तथा पीडित परिवारका सदस्यहरूले शनिबार रास्वपा गण्डकी प्रदेश समितिको कार्यालय पुगेर आफ्ना मागसहितको ध्यानाकर्षणपत्र बुझाएका हुन् । ध्यानाकर्षणपत्र ग्रहण गर्दै रास्वपा गण्डकी प्रदेशका महामन्त्री कृष्णप्रसाद लम्सालले द्वन्द्वपीडित परिवारका मागप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । उहाँले पीडित परिवारका मागलाई जिल्ला र प्रदेश हुँदै केन्द्रीय समिति तथा सङ्घीय सरकारसमक्ष पुऱ्याउने र सम्बोधनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । पीडित परिवारले २०५२ साल फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता हुँदासम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा राज्य पक्ष र तत्कालीन विद्रोही पक्षबीच भएका सहमति तथा सम्झौताहरू अझै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको बताएका छन् । सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्था भएकाले विगतका सरकार र राज्य पक्षले गरेका सहमति तथा सम्झौताको स्वामित्व ग्रहण गरी कार्यान्वयन गर्नु वर्तमान सरकारको दायित्व भएको उहाँहरूको भनाइ छ। द्वन्द्वका क्रममा भएको बलिदान र योगदानकै कारण मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा संविधान निर्माण सम्भव भएको उल्लेख गर्दै उहाँहरू सहिद, बेपत्ता, घाइते, जेल तथा हिरासतमा परेका र यातना भोगेका व्यक्तिहरूको योगदानलाई राज्यले उचित सम्मान गर्नुपर्ने माग गरेका छन् । ध्यानाकर्षणपत्रमा सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोगले अहिलेसम्म पीडितले अपेक्षा गरेअनुसार सत्यतथ्य सार्वजनिक गर्न नसकेको र पीडित परिवारले न्याय, परिपूरण तथा क्षतिपूर्ति पाउन नसकेको उल्लेख छ। यसबाट पीडित परिवारले मानसिक, सामाजिक र आर्थिक समस्या भोग्नुपरेको उनीहरूको गुनासो छ । कास्की जिल्लामा मात्रै द्वन्द्वका क्रममा ४० भन्दा बढीले सहादत प्राप्त गरेको, दुई दर्जनको हाराहारीमा व्यक्ति अझै बेपत्ता रहेको तथा धेरै व्यक्ति घाइते, अपाङ्ग र अङ्गभङ्ग भएको ध्यानाकर्षणपत्रमा उल्लेख छ। द्वन्द्वका क्रममा व्यक्तिगत सम्पत्तिमा समेत क्षति पुगेको उनीहरूले बताएका छन् ।

पीडित परिवारले द्वन्द्वकालीन घटनाको निष्पक्ष, स्वतन्त्र र प्रमाणमा आधारित छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न, बेपत्ता योद्धाहरूको अवस्था तत्काल सार्वजनिक गर्न तथा घटनामा संलग्न व्यक्ति र निकायको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न माग गरेका छन् ।

त्यसैगरी सहादत प्राप्त योद्धाहरूलाई राष्ट्रिय सहिदका रूपमा सम्मान र स्थापित गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति तथा आवश्यक सहयोग उपलब्ध गराउन, घाइते योद्धा, जेल तथा हिरासतमा परेका र यातना पीडितको निःशुल्क उपचारको व्यवस्था गर्न उनीहरूको माग छ । बेपत्ता योद्धा तथा सहिद परिवारका आश्रित सदस्य र सन्तानलाई निःशुल्क शिक्षा, स्वास्थ्य उपचार, रोजगारी तथा भरणपोषणको व्यवस्था गर्नसमेत उनीहरूले आग्रह गरेका छन् । ध्यानाकर्षणपत्रमा राज्यबाट बेपत्ता योद्धा परिवार समाज, कास्कीका अध्यक्ष अणनाथ बराल र जनक्रान्तिका महान् सहिद परिवार समाज, कास्कीकी अध्यक्ष दुर्गाकुमारी विकले हस्ताक्षर गर्नुभएको छ ।

ज्ञापनपत्र रास्वपाको केन्द्रीय समितिलाई समेत बोधार्थ पठाइएको छ । २०६३ मङ्सिर ५ गते सरकार र तत्कालीन नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको थियो । शान्ति सम्झौताले सशस्त्र द्वन्द्व अन्त्य गर्दै मुलुकलाई शान्ति प्रक्रियामा प्रवेश गराए पनि द्वन्द्वपीडितको न्याय, बेपत्ता व्यक्तिको अवस्था सार्वजनिक गर्ने र पीडित परिवारको पुनःस्थापनासम्बन्धी विषय अझै पूर्ण रूपमा टुङ्गिन सकेका छैनन् ।

देश समृद्ध बनाउन र भ्रष्टाचार अन्त्य गर्ने अभियान छु: सभामुख अर्याल

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर



प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याललले देश समृद्ध बनाउन र भ्रष्टाचार सर्धैंका लागि अन्त्य गर्न भ्रष्टाचारमुक्त समाज निर्माणको अभियानमा लागेको बताउनुभएको छ ।

शनिबार लायन्स क्लब अफ पोखराको ५०औं वर्ष अर्थात् स्वर्ण महोत्सव समारोहलाई सम्बोधन गर्दै सभामुख अर्याललले देशमा सुशासन कायम गरी भ्रष्टाचारलाई सर्धैंका लागि अन्त्य गर्ने बृहत् अभियानका साथ सदनलाई प्रभावकारी बनाउने कार्यमा आफू जुटेको बताउनुभएको हो ।

राजनीतिमा प्रवेश गरेसँगै इमानदारीपूर्वक काम गर्नुपर्ने बोध भएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "यो देशमा भ्रष्टाचार सर्धैंका लागि अन्त्य गर्नका लागि एउटा ठूलो सोच लिएर एउटा अभियानमा जुटेको छु।" सुशासनको प्रत्याभूति भएमा मात्रै वर्तमान र भावी पुस्ता सुरक्षित रहने उहाँको भनाइ छ ।

सभामुख अर्याललले भन्नुभयो, "हामीले यो देशमा सुशासन कायम गर्‍यौं भने हामीसँगै हाम्रा सन्तान र परिवार, समाज सर्धैं सुरक्षित हुनेछौं ।" आसन्न संसद्को कामकारबाहीलाई मर्यादित र नतिजामुखी बनाउने विषयमा चर्चा गर्दै उहाँले भन्नुभयो, "अब सदन सुरु हुँदैछ, सदनलाई सकारात्मक र नतिजामूखी बनाउन सहकार्य र समन्वयलाई जोड दिनेछु। यसका लागि तपाईंहरूबाट थुप्रै प्रेरणा प्राप्त गरेको छु।"

कानुन निर्माण गर्दा देशको भूगोल सुहाउँदो, अभिभावक तथा अग्रजको सम्मान हुने र भावी पुस्ताले गर्व गर्नसक्ने व्यवस्था समेटिनुपर्ने सभामुख अर्याललले बताउनुभयो । प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यसहित ३३४ जना सांसदले कानुन निर्माणमा भूमिका निर्वाह गर्ने उल्लेख गर्दै सभामुख अर्याललले प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसम्म कानुन निर्माणको विषय सार्वजनिक हुने बताउनुभयो । देशलाई आर्थिक रुपमा समृद्ध बनाउन निजी क्षेत्रको सुदृढीकरण अनिवार्य रहेको सभामुख अर्याललले बताउनुभयो । उहाँले भन्नुभयो, "जबसम्म हामी निजी क्षेत्रलाई बलियो बनाउन सक्दैनौं, तबसम्म देश धनी हुन सक्दैन ।" लायन्स क्लबमा शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि र व्यवसायलगायत समाजका विविध क्षेत्रका सफल व्यक्तित्व, अग्रज तथा जनप्रतिनिधिको आबद्धता रहेको सभामुख अर्याललले स्मरण गर्नुभयो। लायन्स क्लबमा विद्यार्थी, प्राध्यापक, नर्स, चिकित्सक, व्यवसायी, कृषक, मजदुर, गैरआवासीय नेपाली र जनप्रतिनिधि सबै क्षेत्रको प्रतिनिधित्व रहेको बताउनुभयो ।

प्रधानमन्त्री शाह भारतको राजकीय भ्रमणमा जानुहुँदै

रासस
काठमाडौं, ५ मंसिर




प्रधानमन्त्री वालेन्द्र शाह आइतबार दिउँसो भारतको राजकीय भ्रमणमा जानुहुने भएको छ ।

शाह प्रधानमन्त्री भइसकेपछि पहिलो पटक छिमेकी मुलुकको राजकीय भ्रमणमा जान लाग्नुभएको हो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री शाह दुईदिने राजकीय भ्रमणमा जान लाग्नुभएको हो । उहाँ आइतबार मध्याह्न १:४५ बजे नेपाल वायुसेवाको नियमित उडानबाट भारत प्रस्थान गर्नुहुनेछ ।

उहाँको भ्रमण टोलीमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राजनीतिक सल्लाहकारलगायत उच्चपदस्थ सरकारी अधिकारीहरू, व्ययवसायी र पत्रकारलगायत ३४ सदस्यीय टोली रहेको छ । प्रधानमन्त्रीको

बाँकी अन्तिम पृष्ठमा ▶▶



नेस्ट पोखराले अव्यवस्थित बसोबासीलाई सिप र बालबालिकालाई पढ्ने वातावरण

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

नेस्ट पोखराको कार्यक्रमले पोखरा महानगरपालिका वडा नम्बर १५ मा रहेका अव्यवस्थित बसोबासी एवं न्युन आय भएका बासिन्दालाई सीप विकासका माध्यमबाट आयआर्जनमा सहयोग र उनीहरुका बालबालिकालाई शिक्षा लिन सहज बनाएको छ।

पोखरा १५ अमिनतरा बस्ने विष्णु परियारले नेस्ट पोखराले दिएको सिलाइकटाइ तालिम र आत्मनिर्भर बन्न उपलब्ध गराएको सिलाई मेसिनले आत्मनिर्भर बन्न सहयोग पुगेको बताइन्। सिप सिकेर गरेको कामका कारण आफ्ना बाबुनानीलाई विद्यालय पठाउन र पढाउन सहज भएको उनको भनाई छ।

पोखरा १५ मा मात्रै उनी जस्तै करिव ३ सय भन्दा धेरै बासिन्दालाई नेस्ट पोखराको कार्यक्रमले सहयोग पुर्याएको पोखरा महानगरपालिका वडा नम्बर १५ का वडाध्यक्ष तोरण बानियाँ बताउँछन् । पोखरा-१५ फलेपाटनस्थित सिद्ध माध्यमिक विद्यालयमा सामग्री तथा प्रमाणपत्र वितरण कार्यक्रममा शनिबार बोल्दै उनले सहयोग गर्ने संस्था प्रति अभार समेत प्रकट गरे। वडाध्यक्ष बानियाँले दातृ निकायको सहयोगलाई उत्पादन र आम्दानीसँग जोड्नुपर्नेमा जोड दिँदै त्यसबाट प्राप्त आम्दानी बालबालिकाको शिक्षामा खर्च गर्न अभिभावकलाई आग्रह गरे । आगामी दिनमा पनि नेस्ट पोखरासँग सहकार्य गरेर यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। परियोजनाअन्तर्गत अभिभावकलाई विभिन्न सीपमूलक तालिम प्रदान



गर्नुका साथै विद्यार्थीलाई शैक्षिक सामग्री र विद्यालय पोसाक सहयोग गरिएको छ। शनिबारको कार्यक्रममा ९३ जना विद्यार्थीलाई प्रतिविद्यार्थी ६ हजार रुपैयाँ भन्दा धेरै मूल्य पर्ने शैक्षिक सामग्री तथा पोसाक वितरण गरिएको छ । त्यस्तै, विद्यालयलाई कक्षा सञ्चालनका लागि आवश्यक एक लाख ५० हजार रुपैयाँ बराबरका सामग्री सहयोग गरिएको नेस्ट पोखराका प्रमुख कार्यकारी अधिकृत हरि लुइँटेलले जानकारी दिए । परियोजनाअन्तर्गत अभिभावकका लागि मौरीपालन, ढकिया बनाउने, साबुन, झोल साबुन तथा फिनेल र हार्पिक बनाउने, क्रिस्टलका गहना तयार गर्ने र सिलाइबुनाइलगायतका सीपमूलक तालिम सञ्चालन गरिएको थियो । वडा नम्बर १५ मा १० वटा सिलाइ मेसिन तथा १५ वटा मौरीका घारसमेत वितरण गरिएको छ । विद्यालयका प्रधानाध्यापक गुरुदत्त कोइरालाले बाढीपहिरो र चाडपर्वका कारण दुई महिनाअघि नै गर्ने भनिएको कार्यक्रम केही ढिलो गरी सम्पन्न भएको बताए। विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री तथा पोसाक सहयोग र अभिभावकलाई सीप विकास तालिम प्रदान गरेकोमा आयोजक संस्थाप्रति आभार व्यक्त गर्दै उनले आफू प्रधानाध्यापक भएपछि विद्यालयमा विद्यार्थी पोसाक तथा शैक्षिक सामग्री वितरणका कार्यक्रममा अधिकांश विद्यार्थी सहभागी हुँदै आएको जानकारी दिए । नेस्ट पोखराका सचिव कुम गुरुङले अभिभावकलाई सीप सिकाएर आम्दानीको अवसर सिर्जना गर्नु र त्यसबाट बालबालिकाको शिक्षामा सहयोग पुऱ्याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको बताए । बालबालिकाको सिकाइ र शिक्षामा आर्थिक अभाव बाधक बन्न नदिन परियोजना सञ्चालन गरिएको उनको भनाइ थियो। त्यस्तै, नेस्टका कार्यसमिति सदस्य महेन्द्र लामिछानेले जर्मन दूतावासको सहयोगमा वडामा विभिन्न सीप विकास तथा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिएको बताए । अभिभावकलाईआयआर्जनमा जोड्दै बालबालिकाको भविष्य निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम अघि बढाइएको उनले उल्लेख गरे। घरलाई नै बालबालिकाको पहिलो विद्यालयका रूपमा विकास गर्दै अभिभावकले बालमैत्री र पठनमैत्री वातावरण निर्माण गर्नुपर्नेमा पनि उनले जोड दिए।

कार्यक्रमको अध्यक्षता गरेकी नेस्टकी उपाध्यक्ष कमला श्रेष्ठले बालबालिकाको शिक्षामा केही भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको बताइन् । वितरण गरिएका सिलाइ मेसिनको सदुपयोग गर्दै महिलाहरू आयआर्जनमा जोडिएको देख्न चाहेको उल्लेख गर्दै उनले मौरीका घार वितरणको प्रभावसमेत सकारात्मक रहेको बताइन्। आगामी दिनमा राज्य तथा विभिन्न दातृ निकायसँग सहकार्य गरेर थप कार्यक्रम सञ्चालन गर्ने उनको भनाइ थियो । नेस्टका प्रमुख कार्यकारी अधिकृत हरि लुइँटेलले परियोजनालेबालबालिकाकोशिक्षाको निरन्तरता र अभिभावकको आर्थिक आत्मनिर्भरतामा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे। अभिभावकलाई सीप सिकाएर आयआर्जनमा जोड्ने र विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री तथा पोसाक उपलब्ध गराएर उनीहरूको पढाइलाई निरन्तरता दिन सहयोग गर्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको उनले बताए । तालिमबाट प्राप्त सीपलाई व्यावसायिक गतिविधिमा जोड्ने प्रयाससमेत थालिएको छ । वडामा रुपान्तरण महिला समूह गठन गरी समूहका महिलाले फिनेल, हार्पिक तथा साबुन उत्पादन गरेर बिक्री वितरणसमेत सुरु गरेका छन् । कार्यक्रममा विद्यार्थी, अभिभावक, स्थानीय जनप्रतिनिधि, विद्यालयका शिक्षक तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको समेत सहभागिता थियो।

मासिक दौडमा महेन्द्र घर्तिमगर र ओममाया गुरुङलाई उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

पोखरामा विद्यार्थी छात्र-छात्रा तथा खुला महिला-पुरुषतर्फको ५ किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको छ।

पोखरा अन्तर्राष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा शनिबार प्रतियोगिता सम्पन्न भएको हो।

मञ्चले नियमित रूपमा सञ्चालन गर्दै आएको साप्ताहिक तथा मासिक दौड कार्यक्रम अन्तर्गत २३ औँ श्रृङ्खलाको प्रतियोगिता पोखरा रङ्गशालामा आयोजना गरिएको रेस डाइरेक्टर तेजबहादुर गुरुङले जानकारी दिए । पोखरा रङ्गशालाको फुटबल मैदानबाट सुरु भएको दौड पोखराका विभिन्न स्थानको परिक्रमा गरी पुनः रङ्गशालामै पुगेर सम्पन्न भएको थियो।

प्रतियोगिताको ५ किमि खुला पुरुषतर्फ पोखराका ६ का महेन्द्र घर्तिमगर पहिलो, पोखरा ११ का आषिश मगर दोस्रो , पोखरा १५ का राजु शर्माले तेस्रो स्थान प्राप्त गरे । त्यस्तै, खुला महिलातर्फ ५ किमि तर्फ गगनगौडाकि ओममाया गुरुङ पहिलो र पोखरा १० कि ज्ञानि भण्डारीले दोस्रो स्थान प्राप्त गरिन् । त्यस्तै १६ वर्षमुनिको ५ किमि छात्रतर्फ त्रिभुवन शान्ति माविका सक्षम भुजेल पहिलो,शुक्ला गण्डकी सेकेन्डरी स्कुलका आयुष पोखेल दोस्रो,अमरसिंह स्कुलका आमोल सुन्दास तेस्रो,छोरेपाटन स्कुलका रिसब रानाभाट चौथो र गण्डकी बोर्डिङका आरुष भण्डारीले



पाचौँ स्थान प्राप्त गरे।

यसैगरी, १६ वर्षमुनिको ५ किमि छात्रातर्फ सेन्ट मेरिज स्कुलकी समृद्धि मर्शानी पहिलो,गौरिशंखर माबि हेमजाकि कविता मगर दोस्रो, गण्डकी बोर्डिङ सादगि शर्मा तेस्रो,सेन्ट मेरिज स्कुलकि प्राप्ती श्रेष्ठ चौथो र अमरसिंह माविकि रुवि हमालले पाचौँ स्थान प्राप्त गरिन् । विजेता धावकहरूलाई कार्यक्रमका प्रमुख अतिथि वडा प्रहरी कार्यलय रामवजार पोखराकि प्रहरी निरीक्षक सरिता मगर, एनआईएमबि बैंक लामाचौर शाखाकि अपरेशन इन्जार्ज उषा भण्डारी,टाइगर ग्रुप अफ पोखराका नेपाका अध्यक्ष नारायण प्रसाद शर्मा, कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख डिबी नेपाली,तेक्वान्दोका राष्ट्रिय खेलाडी प्रकाश गुरुङ,मेट्रोसिटि हस्पिटलका हाडजोर्नी विशेषज्ञ डाक्टरचन्द्रमिश्र,चरकहस्पिटलका डाक्टर विकास थापा, मेट्रोसिटि हस्पिटलका फिजिसियन डाक्टर विष्णु ज्वारचन,मञ्चका अध्यक्ष दिलबहादुर गुरुङ लगायतले मेडल, प्रमाणपत्र तथा गिफ्ट ह्याम्पर प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि वडा प्रहरी कार्यलय रामवजार पोखराकि प्रहरी निरीक्षक सरिता मगरले नेपाल भूतपूर्व खेलाडी मञ्चले सञ्चालन गर्दै आएको दौड कार्यक्रमले नयाँ खेलाडीको प्रतिभा पहिचान, प्रोत्साहन र उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन् । त्यस्तै आगामि फागुनमा सञ्चालन हुने पोखरा म्याराथनमा सुरक्षाको लागि सहयोगि भूमिका निर्वाह गर्न तयार रहेको उल्लेख गरिन्।

मञ्चका अध्यक्ष दिलबहादुर गुरुङले प्रतियोगिता सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सङ्घसंस्था, सहयोगी तथा सहभागी धावकहरूलाई धन्यवाद व्यक्त गरे। प्रतियोगितामा प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स सहयोगी संस्थाका रूपमा रहेको थियो।मञ्चकाअध्यक्षदिलबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव महेश पौडेलले गरेका थिए। मञ्चले आगामी पुस महिनाको पहिलो शनिबार २४ औँ श्रृङ्खलाको मासिक दौड प्रतियोगिता अन्तर्गत आमा समुहको दौड सर्गै अन्य विधाका दौड आयोजना गर्ने जनाएको छ।

नेपाल वन पैदावार उद्योग व्यवसायी संघ कास्कीको अध्यक्षमा दयाशंकर गौतम

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

नेपाल वन पैदावार उद्योग व्यवसायी संघ कास्कीको अध्यक्षमा दयाशंकर गौतम चयन भएका छन्।

संघको शनिवार पोखरामा सम्पन्न भएको २० औँ वार्षिक साधारणसभा तथा १२औँ अधिवेशनले गौतमलाई सर्बसम्मत रुपमा चयन गरेको हो। त्यस्तै संघको बरिष्ट उपाध्यक्षमा शक्ति वराल, उपाध्यक्षमा बल बहादुर कार्की, सचिवमा शुभास चन्द्र भण्डारी, त्यस्तै कोषाध्यक्षमा सुमन लामिछाने, सह-सचिवमा डोलनाथ शर्मा, सह-कोषाध्यक्षमा हिमाल ज्ञवाली, चयन हुदा सदश्यहरुमा नवराज पाण्डे, नारायण प्रसाद अर्याल ईन्दिरा गौतम, सुरेस लामिछाने, विदुर वास्तोला, मनोज कार्की, विमला उपाध्याय र प्रकाश भुर्तेल चयन भएका हुन्। यस अघि कार्यक्रमको



उद्घाटन गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय का सचिव मोहन राज काफ्ले गरेका हुन् । कार्यक्रमा संघका अध्यक्ष नर बहादुर गुरुङ, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष शोभा गौतम,संघका केन्दीय उपाध्यक्ष प्रकाश रायमाझी, संघ गण्डकी प्रदेश अध्यक्ष विश्वराज अधिकारी, डिभिजन वन कार्यलय कास्की प्रमुख करुणा कार्की, फर्निचर तथा फर्निसिङ, ब्यवसायी संघ कास्कीका अध्यक्ष रामजी तिवारी, पोखरा स्टिल फेब्रिकेटस् एशोसियसनका अध्यक्ष वसन्त रेग्मी, संघ कास्कीका उपाध्यक्ष दयाशंकर गौतम, संघका पूर्व अध्यक्ष गोविन्द बहादुर थापा, संघका सह-कोषाध्यक्ष रेशम ज्ञवाली, लगाएतले नेपाल वन पैदावार संघको भूमिकाको बारेमा बोलेका थिए। कार्यक्रममा संघलाई सहयोग गरे वापत शिव प्रसाद पराजुली, गोविन्द बहादुर थापा, विक्रम सुनार लाई सम्मानपत्रले सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै कार्यक्रमा प्रमुख अतिथि गण्डकी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयका सचिव मोहन राज काफ्ले वन पैदावार उद्योगि व्यवसायी संघ कास्कीले गरेका कामको प्रशंसा गरे उनले वन संरक्षणमा पैदावार कास्कीले खेलेको भूमिका महत्वपूर्ण भएको उल्लेख गरे। त्यस्तै उनले संघलाई आवश्यक सहयोग र सहकार्य सर्गै आगामी दिनमा अगाडी वढने बताए । संघका अध्यक्ष नरबहादुर गुरुङको अध्क्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव शक्ति वरालले गरेका हुन्।

एनपिएलका आठवटै क्लबका लागि क्रिकेट रङ्गशाला निर्माण गरिनेछ : प्रधानमन्त्री

रासस
काठमाडौं, ५ मंसिर

सरकारले नेपाल प्रिमियर लिग (एनपिएल)का आठवटै क्लबका लागि फ्लडलाइटसहितका क्रिकेट रङ्गशाला निर्माण प्रक्रिया आगामी तीन महिनाभित्र अघि बढाउने भएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहले एनपिएलको छैटौं संस्करणदेखि प्रतियोगिता 'होम एन्ड अवे' प्रणालीमा सञ्चालन गर्ने लक्ष्यसहित सबै क्लबका लागि आफ्नै क्रिकेट रङ्गशाला निर्माण गर्न लागिएको जानकारी दिनुभएको हो। उहाँले आफ्नो सामाजिक सञ्जालमार्फत विराटनगर किङ्गस्का लागि बैजनाथपुर, लुम्बिनी लायन्सका लागि सिद्धार्थ, कर्णाली याक्सका लागि सुर्खेत, सुदूरपश्चिम रोयल्सका लागि फाप्ला, काठमाडौं गुर्खाजका लागि कीर्तिपुर, पोखरा एभेन्जर्सका लागि पोखरा, जनकपुर बोल्ट्सका लागि रामजानकी र चितवन राइनोजका लागि गौतमबुद्ध क्रिकेट रङ्गशाला निर्माण गरिने बताउनुभएको छ । प्रधानमन्त्री शाहले फाप्ला क्रिकेट रङ्गशाला निर्माणको प्रक्रिया अघि बढिसकेको र अन्य रङ्गशालाको निर्माण प्रक्रिया पनि आगामी तीन महिनाभित्र सुरु गरिने बताउनुभएको छ । उहाँले क्रिकेटको व्यावसायिक विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माण गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको छ । प्रधानमन्त्रीका अनुसार यी रङ्गशाला नेपाल सरकारको पूर्वाधार विकास मन्त्रालयमार्फत निर्माण गरिनेछन्।

वामपन्थी शक्तिबीच एकता अपरिहार्य छ: संयोजक दाहाल

रासस
काठमाडौं, ५ मंसिर

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकलाई अग्रगामी दिशामा लैजान वामपन्थी शक्तिबीच एकता आवश्यक रहेको बताउनुभएको छ।

नेकपाको काठमाडौं जिल्ला समितिको एकता बैठक तथा राष्ट्रिय जागरण अभियानको शनिबारउद्घाटन गर्दै उहाँले कम्युनिष्ट शक्तिहरू एकताबद्ध हुनुको विकल्प नरहेकामा जोड दिनुभयो । विगतदेखि नै आफू वामपन्थी शक्तिलाई एकताबद्ध बनाउनेप्रयासमा लागिरहेको बताउँदै संयोजक दाहालले यसअघिका त्रुटि सच्याएर अघि बढ्न सबैले प्रण गर्नुपर्ने उल्लेख गर्नुभयो। "हिजोको असफलताबाट पाठ सिकेर फेरि एकपटक कम्युनिष्ट एकताको झण्डा उठाउनुपर्छ", उहाँले भन्नुभयो।

समाजलाई भ्रष्टाचार मुक्त बनाऔं

- इमानदारिता, नैतिकता र सदाचारयुक्त संस्कृतिको विकास गरौं,
- सार्वजनिक पद र अधिकारलाई व्यक्तिगत लाभका लागि प्रयोग नगरौं,
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गरौं,
- भ्रष्टाचार सम्बन्धी सूचना वा प्रमाण प्राप्त भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधानमन्त्री ...

भारत भ्रमणमा निजी क्षेत्रबाट ५२ सदस्यीयव्यवसायीहरूको टोली आफ्नै खर्चमा सहभागी हुनेछन्।

भ्रमणका क्रममा प्रधानमन्त्री शाहले भारतका राष्ट्रपति द्रोपदी मुर्मूसँग शिष्टाचार भेट गर्नुहुनेछ । साथै उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीसँग यही मङ्सिर ७ गते प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ । भ्रमणका क्रममा दुई देशबीच सम्पर्क सञ्जाल विस्तार तथा ऊर्जा सहकार्यसम्बन्धी विभिन्न सम्पन्न परियोजनाहरूको उद्घाटन तथा नयाँ परियोजनाहरूको शिलान्यास गर्ने कार्यक्रम रहेको छ। भ्रमणका क्रममा दुवै देशका नेतृत्वहरूबीच व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायतका क्षेत्रमा आर्थिक सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल हुनेछ।

साथै भ्रमणका क्रममा सहकार्यका विविध क्षेत्र शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन, मानव संसाधन विकासजस्ता विषयहरू समेटिएका विभिन्न समझदारीपत्रहरू (एमओयू)समेत आदानप्रदान गरिनेछन् । यसबाट दुवै देशका प्राथमिकताप्राप्त क्षेत्रमा आपसी सहकार्य थप विस्तार हुनेछ । भ्रमणको पहिलो दिन आइतबार प्रधानमन्त्री शाहसँग भारतीय विदेशमन्त्री डा एस जयशङ्कर करले शिष्टाचार भेट गर्ने कार्यक्रम छ। प्रधानमन्त्री शाह सोमबार नयाँ दिल्लीको राजघाटस्थित महात्मा गान्धीको समाधिस्थलमा गई श्रद्धासुमन अर्पण गर्ने कार्यक्रम रहेको जनाइएको छ।

भ्रमणका क्रममा नेपाल-भारत बिजनेश फोरमको छलफल कार्यक्रम आयोजना गरिनेछ । नेपालमा भारतीय लगानी आकर्षित गर्ने उद्देश्यले भारतीय व्यवसायी समुदायलाई सम्बोधन गरिने र व्यवसायी समुदायका चासो तथा सरोकारहरू सुन्ने र नेपाल सरकारकोतर्फबाट भारतबाट थप लगानी आकर्षित गर्न अवलम्बन गरिएका नीतिगत दृष्टिकोण तथा प्रयासहरू प्रस्तुत गरिनेछ । यो कार्यक्रम नेपाली र भारतीय व्यवसायी बीच सहकार्य गर्ने सेतु पनि बन्ने अपेक्षा गरिएको छ । प्रधानमन्त्री शाह भारतको राजकीय भ्रमण सम्पन्न गरी यही मङ्सिर ७ गते साँझ १८:३५ बजे नेपाल एयरलाइन्सको नियमित उडानबाट स्वदेश फर्कनुहुने कार्यक्रम छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

सम्पादकीय

निर्वाचन आयोग स्थानीय तहको निवेदनमा केन्द्रीत होऊ

निर्वाचन आयोगले स्थानीय तहको निर्चन र प्रदेश सभाको निर्वाचनका बारेमा राष्ट्रिय मान्यता प्राप्त दलहरुसंग परामर्श शुरु गरेको छ । स्थानीय तहको निर्वाचन २०८४ साल बैशाखमा गर्नुपर्ने भएकोले निर्वाचन मिति तोक्नु अघि दलहरुको राय लिने प्रचलन हो । निर्वाचन आयोगले दलहरुसंग राय लिन ढिला भएको थियो । निर्वाचन कानुनमा सुधार गर्न होस या नयाँ कानुन आवश्यक भए समयमै परामर्श लिनुपर्छ । आयोगले मस्यौदा तयार गरि सरकार र दलहरूबीच छलफल जति छिटो गर्न सक्यो त्यति निर्वाचनको माहौल बन्छ ।

निर्वाचन आयोगले छिटो छरितो तरिकाले स्थानीय तहको निर्वाचन २०८४ बैशाख भित्र गर्ने सहज वातावरण बनाउनु उचित हुन्छ । २०८४ मंसिरसम्म म्याद भएका प्रदेश सभाको निर्वाचन अगाडि गराउन खोज्दा संबैधानिक र कानुनी झमेलामा परिन्छ । प्रदेश सभा र स्थानीय तहको निर्वाचन एकैपटक गराउन खोज्दा व्यवहारिक र कानुनी जटिलता उत्पन्न हुन सक्छ । सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीले दुवै तहको निर्वाचन एकैपटक गराउन खोजेको छ । दुवै तहको एकैपटक गराउन खोज्दा कि त प्रदेश सभाको अवधि चाँडै समाप्त गर्नुपर्ने हुन्छ, नभए स्थानीय तह केही समय रिक्त राख्नुपर्छ । यी दुवै अवस्था राजनीतिक र व्यावहारिक दृष्टिमा उचित देखिँदैनन् । प्रदेश सभाको मध्यावधि वा अग्रिम निर्वाचनका लागि संविधानले संघीय सरकार वा निर्वाचन आयोगलाई अधिकार पनि दिएको छैन । सबै प्रदेश सरकारले एकैपटक प्रदेश सभा भङ्ग गरेर निर्वाचनका लागि सिफारिस गर्ने सम्भावना बिरलै देखिन्छ ।

यसले पनि एकैपटक चुनाव गराउन खोज्दा कानुनी जटिलता उत्पन्न गराउन सक्छ । विकास निर्माणका काम ठप्प हुन्छ।बजेट कार्यान्वयन गर्ने बेलामा आचारसंहिता लागेर सबै ठप्प हुने अवस्था आउँछ । विकास खर्च नहुने अवस्था आउनु आर्थिक बृद्धीदर कम हुनु हो।देशलाई पछाडि धकेल्ने काम मात्र हुनेछ । सुशासन र समृद्धिको चाहना गरेका जनतामाथि धोका हुनेछ । स्थानीय तह र प्रदेश सभाको संरचनाको प्रकृति पनि फरक-फरक छ । स्थानीय तहमा कार्यकारी प्रमुखको निर्वाचन हुन्छ, अर्थात् अध्यक्षात्मक प्रणालीअनुसार चुनाव हुन्छ । प्रदेश सभामा संसदीय प्रणालीअनुसार निर्वाचन हुन्छ । यसैले पनि यी दुई तहका निर्वाचन एकैपटक मिसाउन खोज्नु अव्यावहारिक देखिन्छ । स्थानीय तहमा समानुपातिक व्यवस्था छैन ।प्रदेश सभामा प्रत्यक्ष र समानुपातिक मत हाल्नुपर्छ । सबै प्रत्यक्ष र सबै समानुपातिक निर्वाचन हुने हो भने त्यही अनुसारको निर्वाचन माहौल बन्छ।दुई को फरक बुझ्न नसक्दा एकैपटक चुनाव गर्दा निर्वाचन खर्च कम हुन्छ भन्ने तर्क लोकप्रिय ताकालागि आकर्षक हो ।

प्रशासनिक खर्च यसै पनि धेरै छ । त्यसमाथि बर्सेनिजसो चुनाव गराउँदा विकासमा लगानी गर्न सकिने ठूलो धनराशि चुनावमा स्वाहा हुन्छ । तर यो त लोकतान्त्रिक प्रणालीसँगै रोजिएको शर्त हो । यसैले यसलाई स्वीकार गर्नुको विकल्प देखिँदैन । चुनावमा हुने खर्च जोगाउने चक्करमा लोकतान्त्रिक विधि र प्रक्रिया बिथोल्ने उपक्रम सुरु नहोस् भनेर निर्वाचन आयोग बढी चनाखो हुनुपर्छ । अहिले राज्यका संस्थाहरू अपेक्षाकृत कमजोर देखिएका बेला अनावश्यक राजनीतिक वा संवैधानिक जटिलता थप्नु बुद्धिमानी होइन । निर्वाचन आयोग संबैधानिक आयोग भएको र लोकतन्त्रका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुँदा संविधान र कानुनले गरेका प्रबन्ध अनुसार चल्नु उपयुक्त हुनेछ ।

तपाईको आज

मेष	: शारीरिक झमेला	तुला	: आर्थिक समस्या
वृष	: सत्कार मिल्नेछ	वृश्चिक	: कार्यमा सफलता
मिथुन	: मानसिक तनाब	धनु	: झमेला बढ्ने
ककर्ट	: सहयोग मिल्नेछ	मकर	: शत्रुको भय
सिंह	: स्वास्थ्यमा सुधार	कुम्भ	: व्यापारमा लाभ
कन्या	: शुभ यात्रा	मीन	: अप्रत्यसित लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

एसिया कप राइजिङ स्टार्स प्रतियोगिता: नेपाल भारत 'ए'सँग पराजित

रासस
काठमाडौं, ५ मंसिर

एसिया कप राइजिङ स्टार्स प्रतियोगिता अन्तर्गत आज भएको खेलमा नेपाल भारत 'ए'सँग लज्जास्पद हार बेहोर्न पुगेको छ ।

कतारको दोहास्थित वेस्ट इन्ड पार्क इन्टरनेसनल क्रिकेट स्टेडियममा भएको खेलमा नेपाल ३०६ रनको फराकिलो अन्तरले पराजित भएको हो ।

तीन सय ३३ रनको विशाल लक्ष्य पछ्याएको नेपाल ११ दशमलव ३ ओभरमै मात्र २६ रनमा अलआउट भयो । नेपालका कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । पवन सर्राफ र राशिद खानले सर्वाधिक ६-६ रन बनाए । प्रातिस जीसीले ४ रन, नन्दन यादव र ललित राजवंशीले समान २ रन तथा दीपक डुम्रेले १ रन बनाए । नेपालका कप्तान कुशल भुर्तेल, अर्जुन कुमाल, बासिर अहमद, लोकेश बम र सन्दीप लामिछाने शून्य मै आउट भए । भारत 'ए'का बलर प्रिन्स यादवले घातक बलिङ गर्दै ५ विकेट लिए । उनले ५ ओभरमा ६ रन मात्र खर्चिए । हर्षित राणाले ४ विकेट लिए भने शाहबाज अहमदले १ विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भारत 'ए'ले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै ३३२ रनको योगफल बनाएको थियो ।

भारतका लागि कुमार कुशाग्र र कप्तान तिलक वर्माले शतकीय इनिङ खेले । कुमारले १०२ बलमा १० चौका र ५ छक्काको मद्दतले ११७ रन बनाए । त्यस्तै तिलकले ११३ बलमा ६ चौका र ४ छक्कासहित १०७ रन जोडे ।

सुर्यांश शेडगेले १४ बलमा अर्बिजित ३६ रन बनाए । वैभव सूर्यवंशीले २६, अभिषेक शर्माले ९ तथा रिंकु सिंहले समान ९ रन नै बनाए । नेपालका लागि ललित राजवंशी र सन्दीप लामिछानेले समान ३/३ विकेट लिए । त्यस्तै नन्दन यादवले २ तथा पवन सर्राफले १ विकेट हात पारे ।

'एन्फा निलम्बन फुकुवाको प्रक्रिया अघि बढ्यो'

रासस
काठमाडौं, ५ मंसिर

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नेपाली फुटबलमाथि अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले लगाएको निलम्बन फुकुवाको प्रक्रिया अघि बढेको बताउनुभएको छ ।

थाइल्यान्डमा फिफा र एसियाली फुटबल महासङ्घ (एएफसी) का अध्यक्षसहितका पदाधिकारीसँग छलफल गरेर स्वदेश फर्किनुभएका मन्त्री पोखरेले फिफा अध्यक्ष जियानी इन्फान्टिनोलाई नेपाल भ्रमणको निम्तोसमेत दिएको जानकारी दिनुभएको हो । उहाँका अनुसार निलम्बन फुकुवासँगै फिफा र एएफसी एन्फाको तहगत निर्वाचन गराउन सहमत भएका छन् । निर्वाचन कसरी र कुन प्रक्रियाबाट गर्ने भन्ने विषयमा फिफाले आउँदो डिसेम्बरमा प्रस्तावसहितको रोडम्याप पठाउनेछ । "अब फिफाले नै एन्फा निलम्बन फुकुवाको प्रक्रिया अगाडि बढाउँछ । तहगत निर्वाचनको हकमा पनि डिसेम्बरसम्ममा रोडम्यापको प्रस्ताव लिएर आउने भन्नुभएको छ", मन्त्री पोखरेलले भन्नुभयो । एन्फाको निर्वाचन पुरानै नेतृत्वबाट गर्ने वा अन्तरिम कमिटी बनाएर गर्ने भन्ने विषय भने टुङ्गिन बाँकी रहेको उहाँले बताउनुभयो । "तहगत निर्वाचन गर्ने भन्नेमा सहमति भएको हो । कुन मोडालिटीमा गर्ने, कस्तो गर्ने र कहिले गर्ने भन्ने विषयमा टुङ्गिन बाँकी छ", मन्त्री पोखरेलले भन्नुभयो । उहाँका अनुसार फिफाले नेपाली फुटबलमा सरकारको भूमिकालाई 'थर्ड पार्टी इन्टरफेरेन्स'का रूपमा बुझेको थियो । तर, सरकारले नेपालको आफ्नै कानुन र राज्यको अधिकारबारे स्पष्ट पारेपछि फिफा सकारात्मक बनेको उहाँले बताउनुभयो । "राज्यले गर्ने काम आफैँ गर्छ । देशको कानुनअनुसार काम हुन्छ । त्योभन्दा बाहेक हामीले केही हस्तक्षप गर्दैनौँ भनेर उहाँहरूलाई जानकारी गरायौँ । त्यसमा उहाँहरू सकारात्मक हुनुभयो", मन्त्री पोखरेलले भन्नुभयो । सरकारले नेपाली फुटबलप्रति देखाएको चासोलाई पनि फिफाले सकारात्मक रूपमा लिएको उहाँको भनाइ छ । एएफसी अवार्ड समारोहमा सहभागी हुन थाइल्यान्ड पुगुभएका मन्त्री पोखरेलले फिफा अध्यक्ष इन्फान्टिनो, महासचिव माटियास ग्राफस्ट्रोम र एएफसी अध्यक्ष शेख सलमान बिन इब्राहिम अल खलिफासँग भेटवार्ता गर्नुभएको थियो ।

निर्वाचनको मिति सर्वदलीय बैठकले टुङ्गयाउँछ : संयोजक दाहाल

रासस
काठमाडौं, ५ मंसिर

नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले संविधान तथा कानुनले व्यवस्थालाई टेकेर आगामी स्थानीय तह र प्रदेशको निर्वाचन गर्नुपर्ने बताउनुभएको छ ।

मध्यपुरथिमिमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आज आयोजना गरेको राष्ट्रिय जागरण अभियानको उद्घाटन गर्दै उहाँले जेठ ५ गते स्थानीय तहको पाँचवर्षे कार्यकाल पूरा हुनेगरी निर्वाचन गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचन आयोगले वैशाखमा स्थानीय तहको र आगामी मङ्सिरको पहिलो साता प्रदेशको निर्वाचन गर्ने प्रस्ताव आएको छ, दलहरूको भनाइ पनि संविधानले व्यबस्था गरेअनुसार नै हुनुपर्छ भन्ने हो ।" उहाँले लोकतन्त्रको रक्षाका लागि संविधानको रक्षा हुनु आवश्यक रहेको बताउनुभयो । स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारलाई टिकट बाँड्ने काम पार्टीको माथिल्लो तहले कुनै हस्तक्षेप नगर्ने बताउँदै स्थानीय तहको उम्मेदवार कसलाई बनाउने भन्ने निर्णय तल्लो तहले नै गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा नेकपाका सहसंयोजक माधवकुमार नेपालले जागरण अभियान जनताको घरदैलोमा पुगेर जनतालाई विगतमा भएका र गरेका कामबारे प्रचार गर्न छुटाउन नहुने बताउनुभयो ।

कृषि उद्यम प्रवर्द्धनमा कृषि विकास कार्यालय

पोखरापत्र संवाददाता
तनहुँ, ५ मंसिर

तनहुँमा उत्पादित कृषिउपजलाई प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरणमार्फत व्यावसायिक बनाउने उद्देश्यले सञ्चालन गरिएको कृषि उद्यम विकास कार्यक्रमबाट कृषक तथा कृषि उद्यमी लाभान्वित भएका छन् ।

जिल्लास्थित कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीका अनुसार कार्यक्रमका लागि रु १३ लाख बजेट विनियोजन भएकामा रु नौ लाख ८१ हजार खर्च भएको छ। कार्यक्रमअन्तर्गत जिल्लाका ११ वटा कृषि फार्म, कृषक समूह तथा कृषि सहकारीलाई कृषि उत्पादनपश्चात् उपजको लेबलिङ, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरणका लागि अनुदान सहयोग गरिएको छ ।

कृषिउपजलाई परम्परागत रूपमा बिक्री गर्ने अभ्यासमा सुधार ल्याउँदै उत्पादनदेखि बजारसम्मको मूल्य शृंखला व्यवस्थित गर्ने प्रयास गरिएको अधिकारीले बताउनुभयो । किसानले उत्पादन गरेको कृषिउपजलाई आकर्षक तथा सुरक्षित रूपमा प्याकेजिङ गरी आफ्नै पहिचानसहित बजारमा लैजान सहयोग पुगेको उहाँको भनाइ छ । कृषि उद्यम तथा कृषकलाई आवश्यकपर्ने विभिन्न कृषि प्रशोधन तथा प्याकेजिङ उपकरणसमेत सहयोग गरिएको छ । जसअनुसार चार वटा डिजिटल तराजु, एउटा रोष्टिङ उपकरण, नौ वटा सिलर उपकरण, तीन वटा डिस्क मिल, एउटा तोरी पोल्ने मिल, दुई वटा स्लाइसर उपकरण र चार वटा कम्बाइन मिल प्रदान गरिएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, एउटा बोक्रा तास्ने उपकरण, एउटा कनिका झार्ने उपकरण, एउटा ब्याज लेबलिङ उपकरण र एउटा सुकाउने उपकरणसमेत सहयोग गरिएको कृषिविकास कार्यालयले जनाएको छ । यी उपकरणको प्रयोगबाट स्थानीयस्तरमा उत्पादित कृषिउपजको प्रशोधन, ग्रेडिङ, प्याकेजिङ तथा लेबलिङ गर्न सहज भएको छ । यसले कृषिउपजलाई कच्चा पदार्थका रूपमा मात्र बिक्री गर्नुपर्ने अवस्थाबाट मूल्य अभिवृद्धि गरी बजारमा लैजाने वातावरण निर्माण गर्न सहयोग पुर्याएको छ । कार्यक्रमअन्तर्गत विशेषगरी मकै, अदुवा, बेसार, महलगायत कृषिउपजको लेबलिङ, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरण गरिएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रमबाट जिल्लामा ११ वटा कृषिमा आधारित कृषि उद्यम स्थापना भएका छन् । उत्पादनलाई व्यवसायसँग जोड्दै स्थानीय स्रोतसाधन र कृषिउपजमा आधारित उद्यम सञ्चालन गर्ने वातावरण निर्माण भएको उहाँको भनाइ छ ।

कृषिउपजको उत्पादन बढाउनुका साथै त्यसको प्रशोधन र बजारीकरणमा ध्यान दिनसके किसानले उत्पादनको उचित मूल्य प्राप्त गर्नसक्ने भएकाले कार्यक्रमले कृषि उद्यमशीलतालाई प्राथमिकता दिएको हो । स्थानीयस्तरमा उत्पादन हुने मकै, अदुवा, बेसार, महलगायत उपजलाई प्रशोधन तथा प्याकेजिङ गरी बजारमा पठाउँदा उत्पादनको मूल्य अभिवृद्धि हुनुका साथै उपभोक्तासम्म गुणस्तरीय उत्पादन पुर्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रमबाट १०८ जना कृषक तथा कृषि उद्यमी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । तीमध्ये ६८ जना महिला रहेका कार्यालय प्रमुख अधिकारीले बताउनुभयो । महिलाको सहभागिता उल्लेख्य रहेकालेकार्यक्रमलेकृषिउत्पादनसँगै महिलालाई उद्यमशीलतामा जोड्नसमेत सहयोग पुगेको कार्यालयले जनाएको छ ।

कृषि विकास कार्यालयका प्रमुख अधिकारीले उत्पादन मात्र गरेर किसानको आय वृद्धि नहुने भएकाले उत्पादित वस्तुको प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरणलाई पनि कृषि विकासको महत्वपूर्ण पाटोका रूपमा अघि बढाउन आवश्यक रहेको बताउनुभयो ।

उपल्लो मुस्ताङका ३६५ विद्यार्थी जाडो छल्न बेसी झारिए

पोखरापत्र संवाददाता
मुस्ताङ, ५ मंसिर

उपल्लो मुस्ताङका दुई गाउँपालिकाका विद्यालयले हिमपात र अत्यधिक चिसोबाट विद्यार्थीलाई जोगाउन हिउँदयामका लागि घुम्ती कक्षा सञ्चालन गर्न विद्यार्थीलाई बेसी झारेका छन् ।

लोमान्थाङरलोघेकरदामोदरकुण्ड गाउँपालिकाका सामुदायिक, संस्थागत तथा गुम्बा विद्यालयले गाउँपालिकाको समन्वयमा मङ्सिर १ गतेदेखि बेसीका विभिन्न स्थानमा घुम्ती कक्षा सञ्चालन गरेका हुन् । उपल्लो मुस्ताङमा हरेक वर्ष हिउँदयाममा अत्यधिक चिसो र हिमपात हुने भएकाले विद्यालयलाई अस्थायी रूपमा बेसी सार्ने गरिएको छ ।

लोमान्थाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलराम गिरीका अनुसार हिउँदयाममा अत्यधिक चिसो र हिमपातका कारण विद्यार्थीको स्वास्थ्य तथा पठनपाठनमा असर पर्ने भएकाले विद्यालयलाई बेसी सारिएको हो । चालु शैक्षिक सत्रको अन्त्यपछि गर्मीयाम सुरु हुँदा विद्यालय पुनः साविककै स्थानमा फर्कनेछन् ।

लोमान्थाङ गाउँपालिकाका लेखा अधिकृत उज्ज्वल चापागाईंका अनुसार गाउँपालिकाका तीन सामुदायिक र चार संस्थागत विद्यालय बेसी झरेका छन् । सामुदायिकतर्फ दिव्यदीप माध्यमिक विद्यालय, छोनुप झिन्जु आधारभूत विद्यालय र राष्ट्रिय आधारभूत विद्यालयले घुम्ती कक्षा सञ्चालन गरेका छन् । त्यस्तै, मञ्जुश्री, निफुक नाम्डोल, पाल एण्ड नाम्याल र महाकरुणा धार्मिक गुम्बा विद्यालय पनि बेसी झरेका छन् । दिव्यदीप माध्यमिक विद्यालयले पोखराको विजयपुर, छोनुप झिन्जु आधार भूत विद्यालयले हेमजा र राष्ट्रिय आधारभूत विद्यालयले तालबेसी किमबेसीमा घुम्ती कक्षा सञ्चालन गरेका छन् । दिव्यदीप र छोनुप झिन्जु विद्यालयले आफ्नै भवनमा तथा राष्ट्रिय आधारभूत विद्यालयले भाडाको भवनमा कक्षा सञ्चालन गरेको गाउँपालिकाले जनाएको छ । लोमान्थाङका सामुदायिक विद्यालयलाई घुम्ती कक्षा सञ्चालन गर्न सङ्घीय सरकारबाट सशर्त अनुदानस्वरूप प्रतिविद्यालय तीन लाख ५० हजार विनियोजन गरिएको छ ।

यसैगरी, लोघेकर दामोदरकुण्ड गाउँपालिकाका तीन सामुदायिक र दुई धार्मिक गुम्बा विद्यालय पनि घुम्ती कक्षा सञ्चालन गर्न बेसी झरेका छन् । गाउँपालिकाका शिक्षा अधिकृत भीम नेपालीका अनुसार चराङ आधारभूत, घमी आधारभूत र जनज्योति माध्यमिक विद्यालयका १८८ विद्यार्थीलाई बेसी सारिएको छ । चराङ छोदे गुम्बा र आनी गुम्बा विद्यालयले पनि घुम्ती कक्षा सञ्चालन गरेका छन्। लोघेकरका चराङ आधारभूत विद्यालयले पोखराको हेमजा, घमी आधारभूत विद्यालयले विजयपुर र जनज्योति माध्यमिक विद्यालयले तनहुँको दुलेगौडामा भाडाका भवनमा कक्षा सञ्चालन गरेका छन् । घुम्ती कक्षा सञ्चालनका लागि गाउँपालिकाले सामुदायिक विद्यालयलाई २६ लाख बजेट विनियोजन गरेको शिक्षा अधिकृत नेपालीले जानकारी दिनुभयो । दुवै गाउँपालिकाबाट सामुदायिक विद्यालयका ३६५ विद्यार्थीलाई जाडो छल्न बेसी झारिएको छ । तीमध्ये लोमान्थाङका १७७ र लोघेकर दामोदरकुण्डका १८८ विद्यार्थी छन् ।

घुम्ती विद्यालय सञ्चालनले अभिभावकलाई पनि सहज भएको छ । विद्यालयमै विद्यार्थीको रेखदेख र पठनपाठन हुने भएकाले अभिभावकलाई बेसीमा आएर व्यापार व्यवसाय गर्न तथा अन्य काममा संलग्न हुन सजिलो भएको छ । हिउँदयाममा उपल्लो मुस्ताङका अधिकांश बासिन्दा जाडो छल्न बेसी झर्ने गर्छन् । उनीहरू विद्यार्थीहरूसँगै गर्मीयाम सुरु भएपछि वैशाखमा पुनः गाउँ फर्कने गरेका छन् ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १४, साविक नारायणस्थान गा.वि.स. वडा नं. ३ निवासी भारतीय सेना P.P.O No. 035091 भु.पु.नं. N/Sub JC 203924 का तिलक बहादुर क्षेत्रीको श्रीमती नेपाली नागरिकता प्रमाणपत्र नं. ३३०८-६०१-१३१३ मा नाम थर मैया जि.सी भन्ने माया देवी क्षत्री र जन्म मिति वि.सं. २०१०/१०/२९ (ई.सं. १९५४/०२/११) उल्लेख भएको र निजको भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर माया देवी (Maya Devi) र जन्म मिति ई.सं. १९५४/०२/१० (वि.सं. २०१०/१०/२८) उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, १४ नं. वडा कार्यालय, नारायणस्थान, बागलुङको च.नं. ४२७, मिति २०८३/०८/०३ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

विन्ध्यवासिनी क्याम्पसको अध्यक्षमा शोभामोहन

पोखरापत्र संवाददाता
पोखरा, ५ मंसिर

पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी क्याम्पसको अध्यक्षमा शिक्षासेवी शोभा मोहन पौडेल चयन भएका छन् ।

क्याम्पस संचालक समितिको शनिबार सम्पन्न पाँचौं अधिवेशनले पौडेलको अध्यक्षतामा ११ सदस्यीय समिति निर्विरोध निर्वाचित गरेको हो । समितिको सदस्यहरुमा नरनाथ भट्टराई, बिनोद अधिकारी, हरिबहादुर बरुवाल, उषा बरुवाल, मीनबहादुर गुरुङ , मोहनकुमार सुनार, बलबहादुर श्रेष्ठ, प्रकाश तिमिल्सिना, टेकनाथ आचार्य र विष्णु नेपाली रहेका छन् । संचालक समितिको कार्यकाल ३ बर्षको हुनेछ ।



अधिबक्ता शालिकराम भट्टराईको अध्यक्षतामा गठित निर्वाचन समितिले चुनावी कार्यक्रम सम्पन्न गरेको थियो । निर्वाचन समितिमा रुद्रबहादुर थापा, अग्निधर शर्मा, हिमलाल आचार्य र रुद्रनाथ देवकोटा रहेका थिए ।

यसअघि अधिबेशनको उद्घाटन गर्दै संस्थापक क्याम्पस प्रमुख नरहरी भट्टराईले सामुदायिक क्याम्पस जोगाउन सरोकारवाला सबैको ध्यान जानुपर्ने बताउदै आफुले जीवनभर शिक्षण पेशामा गुजारेको अनुभव सुनाएका थिए । क्याम्पस प्रमुख सुमनकेशव पराजुलीले क्याम्पसका गतिविधि ,आर्थिक विवरण र कार्ययोजनाको बारेमा प्रस्ट्याएका थिए । क्याम्पस सन्चालक समितिका अध्यक्ष दानबहादुर बानियाले आफ्नो कार्यकालमा क्याम्पसको शैक्षिक गुणस्तर र आर्थिक कोष बृद्दी गरेको बताएका थिए ।

कार्यक्रममा क्याम्पसका सभा सदस्य शोभामोहन पौडेल , बिन्ध्यवासिनी माविका सहायक प्र अ शिवप्रसाद सापकोटा , सदस्य मोहन सुनारले शुभकामना व्यक्त गरेका थिए ।

नवनिर्वाचित अध्यक्ष शोभामोहन पौडेलले आफू निरन्तर शैक्षिक क्षेत्रको विकासमा लागि परेको बताउँदै, शिक्षामा राजनीतिको प्रभाव पर्न नहुने बताए। समितिका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत समितिका सदस्य दुर्गा केसी थापा र संचालन क्याम्पसका लेखापाल भीम बहादुर गायकले गरेका थिए ।

पुतलीडाडा जोड्ने पदमार्ग पहिचान

पोखरापत्र संवाददाता
म्याग्दी, ५ मंसिर

म्याग्दीको धवलागिरी गाउँपालिका-५ मा रहेको पर्यटकीय सम्भावनायुक्त पुतलीडाडाँ जोड्ने पदमार्ग पहिचान भएको छ ।

मल्कबाडका जनप्रतिनिधि, अगुवा र प्राविधिकको टोलीले समुन्द्रि सतहदेखि तीन हजार ४५३ मिटर उचाईमा आकर्षक दृष्य अवलोकनस्थलको सम्भावना बोकेको पुतलीडाडा जोड्ने पदमार्ग पहिचान गरेका हुन् । परापुर्वकालदेखि नै मल्कबाडका बासिन्दा लेकको बुकीमा घरपालुवा जनावरको घुम्ती गोठ लैजान र गाउँ फर्काउन प्रयोग गर्दै आएको बाटो पछ्याउदै पर्यटकीय पदमार्ग पहिचान गरेको धवलागिरी गाउँपालिका-५ का वडा अध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

"प्रशस्त सम्भावना भएर पनि ओझेलमा परेको पुतलीडाडाँलाई पर्यटकीय गन्तब्यका रूपमा विकास गर्ने उद्देश्यले मल्कबाडदेखि मयालेडाडा हुँदै त्यहाँसम्म पुग्ने परम्परागत मार्ग पहिचान गरेका हौ," उहाँले भन्नुभयो "पूर्वाधार निर्माण र प्रवर्द्धनका क्रियाकलापलाई सँगसँगै अघि बढाएका छौं ।" मल्कवाडदेखि चार घण्टा उकालो पैदलयात्रा गरेपछि पुतलीडाडाँमा पुगिन्छ । पदमार्ग निर्माणका साथै पुतलीडाँडालगायत मल्कबाडको इतिहाँस झल्किने बृत्तचित्र तयार पार्न लागिएको वडा अध्यक्ष छन्त्यालले बताउनुभयो ।

गाउँपालिका र समुदायको साझेदारीमा मल्कबाडको इतिहाँस झल्काउने वृत्तचित्र निर्माणका लागि विवरण संकलनका साथै स्थलगत छायाङ्कन तीव्र पारिएको वडाअध्यक्ष छन्त्यालले बताउनुभयो । मल्कवाडको शिरमा रहेको उक्त पहाडको टाकुरा पुतलीआकारको भएकाले पुतलीडाँडा नामाकरण भएको स्थानीय दबहादुर छन्त्यालले बताउनुभयो । "चुचुरोमा पुगेर गाउँतिर हेर्दा उड्दै गरेको पुतलीको आकारको पहाडको अनौठो दृष्य देखिन्छ," उहाँले भन्नुभयो "अनौठो पहाडका साथै सुर्योदय, हिमशृङ्खला र म्याग्दीका अधिकांश पहाडी भूगोलका साथै ग्रामिण बस्तिको अवलोकन गर्न सकिन्छ ।"

गाउँका अग्रज र जेष्ठ नागरिकको भनाइका अधारमा पुतलीडाडाँको बिषयमा थप अध्ययन अनुसन्धानका साथै सम्भावनाको उजागर र प्रवर्द्धनमा जुटेको स्थानीय अगुवा भिमप्रसाद छन्त्यालले बताउनुभयो । खानी खन्ने परम्परागत पेशा भएका छन्त्याल समुदायको बाहूल्य बसोबास रहेको मल्कबाडका किसानले पुतलीडाडाँ क्षेत्र भएर बर्खायाममा धौलागिरि हिमालको फेदी र रिग बुकी क्षेत्रमा भेडाबाख्रा तथा गाईभैंसीको घुम्ती गोठ लैजाने चलन रहेको छ । बर्खामा लेकतिर लैजाने घुम्तिगोठ हिउँदयाममा बेशीमा झार्ने गरिन्छ । स्थानीय कृषक बलबहादुर बिकले पुतलीडाँडा, चेमली, भाङ्ने हुँदै धौलागिरि आधार शिविर र मुस्ताङ पनि जान सकिने बताउनुभयो । दृष्यका साथै घोरल, नाउर, घोरललगायत जन्यजन्तुको पनि अवलोकन गर्न सकिने यो क्षेत्र बसन्तयाममा लालीगुराँस फुलेर रङ्गिन बन्ने गर्छ । पुतलीडाडाँदेखि धौलागिरि, अन्नपूर्ण, माछापुच्छे, गुर्जा, सिस्ने, चुरेन हिमालको नजिकबाट अवलोकन गर्न सकिन्छ । गुर्जा र धौलागिरि हिमालको आधार शिविर तथा चुरेन हिमालको आइसफलको मनमोहक दृष्य थप आकर्षण हो । पुतलीडाडा पुग्न कठिन भएपनि त्यहाँ पुगेपछि दृष्य र शान्त वातावरणले समय बितेको पत्तै नहुने आन्तरिक पर्यटक भिम सापकोटाले अनुभव सुनाउनुभयो । अर्का आन्तरिक पर्यटक रुपक गिरिले म्याग्दीको धेरै पहाड, बस्ति र पृष्ठभूमिको अवलोकन गर्न पाउँदा उकालो यात्राको थकान भुलेको प्रतिक्रिया दिनुभयो । धवलागिरी गाउँपालिका-५ को वडा सचिवको जिम्मेवारी सम्हालेका सवइञ्जिनियर सुर्यप्रसाद पोखरेलले विस्तृत परियोजना प्रतिवेदन तयार पारेर क्रमागत रूपमा पूर्वाधार निर्माणका कामलाई अघि बढाउन आवश्यक रहेको बताउनुभयो । भेडाबाख्रा र मानिस मात्रै हिड्ने पदमार्गलाई स्तरोन्नति गर्नुका साथै विभिन्न ठाउँमा आश्रयस्थल र खानेपानीको सुविधा आवश्यक देखिएको उहाँले बताउनुभयो ।

बस्तिदेखि टाढा रहेको पुतलीडाडा जाने पाहुनाहरू मयालेमा रहेको गोठ स्टेमा बास बस्ने गर्छन् । मयालेका बलबहादुर रोकाले गोठमा पाहुनालाई खाने बस्ने ब्यवस्था मिलाउने गर्नुभएको छ । प्रचारप्रसारको अभावमा सुन्दर र रमणीय पुतलीडाडाँको सौन्दर्य स्थानीय स्तरमै सिमित रहेको रोकाको गुनासो छ ।

एनपिएल सुदूरपश्चिम रोयल्सको शानदार जित

रासस
काठमाडौं, ५ मंसिर

चौका र छक्काको वर्षा, अन्तिम समयसम्म कायम जितको रोमाञ्चक प्रतिस्पर्धा र दर्शकदीर्घाको उत्साहपूर्ण साथबीच नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण (सिजन-३) को उपाधि सुदूरपश्चिम रोयल्सले आफ्नो नाममा दर्ता गराउँदै प्रतियोगिता सम्पन्न भएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा शनिबार भएको फाइनल प्रतिस्पर्धामा लुम्बिनी लायन्सलाई पराजित गर्दै च्याम्पियन बनेको सुदूरपश्चिमले एनपिएलमा पहिलोपटक उपाधि उचाल्दै आफ्नो नाममा सफलता हात पार्न सफल भएको हो ।

लगातार पहिलो र दोस्रो संस्करणको एनपिएलमा फाइनलमा पुग्दै उपविजेतामा सिमित बनेको सुदूरपश्चिमले यसपटक भने नयाँ इतिहास कायम गऱ्यो । दोस्रो संस्करणको एनपिएलमा लुम्बिनीले सुदूरपश्चिमलाई पराजित गर्दै उपाधि जितेको थियो ।

गत कात्तिक ९ गतेदेखि सुरुआत भएको तेस्रो संस्करणको एनपिएलमा सुदूरपश्चिम विजेता बनेको छ। यसअघि भएको पहिलो संस्करणमा जनकपुर बोल्टल्स र दोस्रो संस्करणमा लुम्बिनी लायन्सले उपाधि जितेको थियो । लिगचरणमा सुदूरपश्चिमको यात्रा भने निकै सङ्घर्षपूर्ण रह्यो । पहिलो खेलमा लुम्बिनीसँग पराजित भएपछि सुदूरपश्चिमले पोखरालाई हराउँदै खेलमा पुनरागमन गरेको थियो । त्यसपछि तेस्रो खेलमा विराटनगरसँग पराजित भए पनि चितवन, कर्णाली, जनकपुर र काठमाडौंलाई लगातार हराउँदै लिग चरणमा दोस्रो स्थान हासिल गऱ्यो । सुदूरपश्चिमले लिग चरणमा १० अङ्क



बटुलेको थियो । त्यसपछि पहिलो क्वालिफायरमा लुम्बिनीसँग पराजित भएपछि सुदूरपश्चिमले दोस्रो क्वालिफायर खेल्नुपरेको थियो । चितवनलाई हराउँदै सुदूरपश्चिमले फाइनल यात्रा तय गर्न सफल भयो । यसरी सुदूरपश्चिमले लगातार दुई खेल जितदै लगातार तेस्रोपटक उपाधि भिडन्तसम्मको यात्रा तय गर्न सफल भएको थियो । त्यसो त लुम्बिनीले प्रतियोगिताको सुरुआतदेखि नै राम्रो खेल प्रदर्शन गर्दै आएको थियो । पहिलो खेलमा सुदूरपश्चिमलाई हराएको लुम्बिनीको दोस्रो खेल चितवन राइनोजसँग वर्षाका कारण रद्द भएको थियो ।

त्यसैगरी, पोखरा र जनकपुरलाई हराएको लुम्बिनी पाँचौं खेलमा काठमाडौंसँग पराजित भएको थियो । त्यसपछि कर्णाली र विराटनगरलाई हराउँदै लिग चरणको शीर्ष स्थानमा रह्यो । लिग चरणमा लुम्बिनीले ११ अङ्क बटुलेको थियो। पहिलो क्वालिफायरमा पनि लुम्बिनीले सुदूरपश्चिमलाई पराजित गऱ्यो । यससँगै टोलीले सिधैं फाइनलमा स्थान बनाएको थियो। शनिबारको फाइनल खेलमा जर्ज मन्सीको आक्रामक शतकको मद्दतमा सुदूरपश्चिम रोयल्सले लुम्बिनी लायन्समाथि १० विकेटको शानदार जित निकालेको हो । लुम्बिनीले दिएको १५६ रनको लक्ष्य पच्छाएको सुदुरपश्चिमले १३ दशमलव ३ ओभरमा कुनै विकेट नगुमाई लक्ष्य पूरा गऱ्यो ।

सुदूरपश्चिमको जितका नायक बनेका मन्सीले अविजित १२५ रनको विस्फोटक इनिङ्स खेले । उनले मात्र ५४ बलमा ८ चौका र १२ छक्का प्रहार गर्दै १२५ रनको योगदान दिएका हुन् । उनको ब्याटिङले लुम्बिनीका बलरलाई सुरुदेखि नै दबाबमा राखेको थियो । मन्सीलाई साथ दिएका विनोद भण्डारीले पनि अविजित ३० रन बनाए । उनले २७ बलमा ३ चौका प्रहार गर्दै ३० रन जोडेका हुन । दुवै ब्याटरबीच पहिलो विकेटका लागि १५८ रनको अविजित साझेदारी भएको थियो । मन्सीले २८ बलमा अर्धशतक पूरा गरेका थिए भने ४९ बलमै शतक प्रहार गर्दै आफ्नो आक्रामक लय देखाए । सुदूरपश्चिमले पावरप्लेमा मात्रै ६० रन जोडेको थियो । त्यसपछि पनि लुम्बिनीका बलरले विकेट लिन सकेनन् ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५५ रनको योगफल बनाएको थियो । लुम्बिनीका लागि दिलीप नाथले अविजित ३९ रन बनाए । उनले ३१ बलमा ३ छक्का प्रहार गरे । त्यसैगरी कप्तान रोहितकुमार पौडेलले ३१ बलमा ३० रन जोड्दा निरोशन डिक्वेलाले १७ बलमा २८ रन बनाए । अलि शेखले १२ बलमा २४ रन जोड्दा डी'आर्सी शर्टले १८ बलमा २१ रनको योगदान दिए ।

सुदूरपश्चिमका स्कट कुगेलेइनले २५ रन खर्चेर २ विकेट लिए । हेमन्त धामी, थारिन्दु रत्नायके र दीपेन्द्रसिंह ऐरीले समान १/१ विकेट हात पार । विभिन्न आठ टोली सहभागी यस प्रतियोगितामा काठमाडौं गोर्खाज सात खेलमा चार जित र तीन हारसहित आठ अङ्क जोड्दै तेस्रो स्थानमा रह्यो । यता चितवन राइनोज तीन जित, तीन हार र एक खेलमा बराबरीसहित चौथो स्थानमा रह्यो । चितवनले सात अङ्क जोडेको थियो ।

त्यसैगरी विराटनगर किङ्स पाँचौं र कर्णाली याक्स छैटौं स्थानमा रहे । दुवै टोलीले समान सात खेलबाट तीन जित र चार हारसहित समान छ अङ्क जोडका थिए । नेट रनरेटका आधारमा विराटनगरले कर्णालीलाई पछि पारेको हो । पोखरा एभेन्जर्स दुई जित र पाँच हारसहित चार अङ्क जोडेर सातौं स्थानमा रह्यो । त्यस्तै, पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्स पनि दुई जित र पाँच हारसहित समान चार अङ्क जोड्दै अन्तिम स्थानमा सीमित भयो । नेट रनरेटमा भने पोखरा जनकपुरभन्दा अगाडि रह्यो ।

कम उमेर र जबर्जस्ती विवाह अन्त्यका लागि ध्यानाकर्षण

रासस
काठमाडौं, ५ मंसिर

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले बालअधिकार संरक्षण, बालमैत्री वातावरण निर्माण तथा बालविवाह, कम उमेरमा हुने विवाह र जबर्जस्ती विवाह अन्त्यका लागि ३९ बुँदे माग अघि सारेको छ ।

अन्तरर्राष्ट्रिय बाल दिवस तथा जबर्जस्ती विवाह अन्त्य सम्बन्धी अन्तराष्ट्रिय दिवसका अवसरमा अभियानका अध्यक्ष तिलोत्तम पौडेल र महासचिव राजु घिमिरेद्वारा जारी विज्ञप्तिमा बालबालिकाको अधिकार संरक्षण र सुरक्षित भविष्य सुनिश्चित गर्न तीनै तहका सरकार तथा सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण गराएको हो ।

सन् २०२६ मा पहिलोपटक स्थापना गरिएको बालविवाह, कम उमेरमा हुने तथा जबर्जस्ती विवाह अन्त्यसम्बन्धी अन्तरराष्ट्रिय दिवस नोभेम्बर २७ मा नेपालमा पनि मनाउने निर्णय भएको विज्ञप्तिमा उल्लेख छ ।

अभियानले नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५ तथा राष्ट्रिय बालबालिका नीति, २०८० मा व्यवस्था गरिएका अधिकारको प्रभावकारी कार्यान्वयन गर्न माग गरेको छ । बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गर्न राष्ट्रिय बाल अधिकार परिषद्लाई स्रोतसाधन सम्पन्न बनाउन तथा राष्ट्रिय बालअधिकार आयोग वा उच्चस्तरीय संयन्त्र गठन गर्नुपर्ने उसको माग छ । बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिँदै तीनै तहका सरकारका नीति, कार्यक्रम र बजेटमा बालअधिकारका विषय समावेश गर्न आग्रह गरिएको छ । बाल बजेट सङ्केत कार्यान्वयन कार्यविधि, २०८२ लागू गरी बालबालिकाका लागि पर्याप्त बजेट विनियोजन गर्न पनि माग गरिएको छ । विद्यालयलाई शान्ति क्षेत्रका रूपमा स्थापित गर्दै विद्यालय तथा बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग नगर्न, विद्यालयमा शान्ति तथा नैतिक शिक्षा लागू गर्न र बालमैत्री एवं अपाङ्गतामैत्री शैक्षिक वातावरण निर्माण गर्न अभियानले जोड दिएको छ । दिवा खाजा कार्यक्रम कक्षा १० सम्म विस्तार गर्न, बाल पोषण भत्ता सबै बालबालिकासम्म पुर् याउन तथा विद्यालयमा मर्यादित महिनावारीका लागि आवश्यक व्यवस्था गर्न पनि माग गरिएको छ । यसैगरी, बालबालिकामाथि हुने यौनजन्य हिंसा, बलात्कार, शोषण, दुर्व्यवहार तथा शारीरिक र मानसिक दण्ड अन्त्य गर्न, अनलाइन हिंसाबाट बालबालिकालाई सुरक्षित राख्न र विद्यालय तथा स्थानीय तहमा बालमनोविज्ञ र विद्यालय नर्सको व्यवस्था गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ। अभियानले विवाहको न्यूनतम उमेर २० वर्ष कायम राख्दै बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ प्रभावकारी रूपमा लागू गर्न माग गरेको छ । बालश्रम, बाल बेचबिखन तथा सडक बालबालिकाका समस्या अन्त्यका कार्यक्रमलाई निरन्तरता दिन पनि आग्रह गरेको छ ।

विज्ञप्तिमा भूमिहीन सुकमबासी स्थानान्तरणका क्रममा प्रभावित बालबालिकाको शिक्षा, स्वास्थ्य र सुरक्षाको सुनिश्चितता, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको विशेष अधिकार संरक्षण, वैदेशिक रोजगारीमा रहेका परिवारका बालबालिकाको हेरचाह र शरणार्थी बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने विषयसमेत उठाइएको छ । बालबालिकाको मानसिक स्वास्थ्य, आत्महत्या न्यूनीकरण, जन्मदर्ता तथा पहिचानको अधिकार, वैकल्पिक स्याहारमा रहेका बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिकाको हकहित संरक्षणमा पनि अभियानले सरकारको ध्यानाकर्षण गराएको छ । बाल हेल्पलाइन, बालबालिका खोजतलास सेवा तथा बाल न्याय प्रणालीलाई थप व्यवस्थित बनाउन, बालक्लबका पूर्वसदस्यलाई बालअधिकार संरक्षणका गतिविधिमा सहभागी गराउन र बालबालिकासँग सम्बन्धित अन्तरराष्ट्रिय मञ्चमा नेपाली बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गर्न पनि माग गरिएको छ ।

अभियानले बालबालिकाको सञ्जठित हुन पाउने अधिकारका पक्षमा सर्वोच्च अदालतले विस २०५८ साउन २५ गते गरेको फैसलाको स्मरणमा राष्ट्रिय बाल सहभागिता दिवस मनाउने विषयलाई सरकारीस्तरबाट संस्थागत निर्णय गर्नसमेत आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९८९ नोभेम्बर २० मा बालअधिकारसम्बन्धी महासन्धि पारित गरेको दिनको स्मरणमा विश्व बाल दिवस मनाइँदै आएको छ ।

करिब दुई महिनापछि पाउद्वारमा विद्युत् सेवा पुनः सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, ५ मंसिर

यस वर्षको मनसुनजन्य विपद् बाट प्रभावित म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ स्थित पाउद्वारमा करिब दुई महिनापछि नियमित विद्युत् सेवा सञ्चालन भएको छ ।

गत असोज ११ गतेदेखि सडक, विद्युत् र घोरेटो बाटोबाट सम्पर्कविच्छेद भएको पाउद्वारमा सडक मर्मत गरी स्थलमार्गबाट ट्रान्सफर्मर ढुवानी गरेर जडान गरेपछि शुक्रबारदेखि विद्युत् सेवा नियमित भएको हो ।

अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले एक महिना २५ दिनपछि पाउद्वारमा विद्युत् सेवा पुनः सञ्चालन भएको जानकारी दिनुभयो ।

गत असोज ३१ गते बेनीबाट नेपाली सेनाको हेलिकप्टरमार्फत ढुवानी गरिएको ट्रान्सफर्मरले काम नगरेपछि घार गाउँबाट सिधै विद्युत् लाइन जोडिएको थियो । तर, त्यसबाट गुणस्तरीय विद्युत् आपूर्ति हुन सकेको थिएन । स्थलमार्गबाट ल्याइएको ट्रान्सफर्मर जडान गरेपछि विद्युत् आपूर्तिमा देखिएको उतारचढाव हटेको र विद्युतीय उपकरणमा क्षति तथा दुर्घटनाको जोखिम कम भएको उपाध्यक्ष पुनले बताउनुभयो । गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि नेपाने हुँदै पाउद्वार जोड्ने सडक पहिरोले क्षतिग्रस्त बनाएपछि शिख-स्वाँत-किन्दु-झारवाङ हुँदै पाउद्वार पुग्ने वैकल्पिक सडक सञ्चालनमा ल्याइएको छ । पहिरोले अवरुद्ध पदमार्ग र खानेपानी आयोजना स्थानीयवासीले श्रमदानमार्फत मर्मत गरेका छन् । पाउद्वारका छिमेकी बस्ती नेपाने, गिबाङ, किन्दु, झारवाङ र धस्केखोरमा पनि विद्युत् सेवा सञ्चालनमा आएको अन्नपूर्ण गाउँपालिका-५ का वडाध्यक्ष राजेश तिलिजा पुनले बताउनुभयो । भिरालो पाखामा परम्परागत ढुङ्गे घरहरू गुजुमुज्ज रहेका पाउद्वारमा १७० घरपरिवारको बसोबास छ ।